अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२।०२।३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	रामबल्लभ साह, आशादेवी यादव, रविन्द्र कुमार महत, धनिकलाल यादव, सुजित कुमार यादव, अमन पोखरेल, हनुमान मण्डल, विद्यान्द साह सुडी, इन्द्र कुमार कर्ण, नरेश कामैत, चन्द्रेश्वर प्रसाद यादव, विष्णु देव साह, रामनरायण मण्डल, इन्द्र नारायण साह, तारा कान्त साह, विष्णुदेव भन्ने विस्नुदेव यादव, उतिम लाल मण्डल धानुक, जलास कुमारी दनुवार, गिता कुमारी मण्डल, महादेव यादव, परमेश्वर मण्डल, अमृता	**गैरकानुनी लाभ तथा हानि पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको** मुद्दा नं. ०७९-CR-०१२८ फैसला मिति २०८०।११।०३ फैसला प्रमाणीकरण मितिः२०८२।०१।११	**आयोगको मागदावी** (क) **लक्ष्मीपुर पतारी गाउँपालिकाका तत्कालीन गाउँपालिका अध्यक्ष राम बल्लभ साहको हकमाः** प्रतिवादी राम बल्लभ साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई जम्मा बिगो रु.३१,७४,४६७।— (अक्षरेपि एकतिस लाख चौहत्तर हजार चार सय सत्सट्ठी मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी प्रतिवादीवाट बिगो असुलउपर हुन समेत मागदावी लिइएको छ। निज प्रतिवादी राम बल्लभ साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी राम बल्लभ साहलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय समेत हुन मागदावी लिइएको छ। (ख) **लक्ष्मीपुर पतारी गाउँपालिकाका तत्कालीन गाउँपालिका उपाध्यक्ष आशा देवी यादवको हकमाः**प्रतिवादी आशा देवी यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी आशा देवी यादवलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदावी लिइएको छ। (ग) **तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रबिन्द्र कुमार महत, तत्कालीन लेखापाल ईन्द्र कुमार कर्ण, वडा नं.४ का तत्कालीन वडा अध्यक्ष विद्यानन्द साह सुडी, वडा नं. ४ का वडा सचिव रामनारायण मण्डलको**	(क) वर्षा यामको समयमा निर्माण कार्य भएको देखिएको र वर्षाको बाढीले अर्धनिर्मित संरचना क्षतिग्रस्त भएको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिएको । (ख) प्रतिवादीहरुले बदनियत राखी आफूलाई लाभ र सरकारलाई हानि हुने कार्य गरेको भन्ने अभियोग दावी प्रमाणबाट पुष्टि हुन आएको नदेखिएको । (ग) रकम भुक्तानी हुँदा अधिकार प्राप्त व्यक्ति/समितिबाट अनुगमन, मूल्याङ्कन भई निर्धारित विधि प्रक्रिया पुऱ्याई भुक्तानी भएको देखिएको ।	• सिरहा जिल्ला लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ४ स्थित धन्छवारको पश्चिम कटनिया नयाँ नदीमा पुल निर्माणको लागि आ.व. २०७५/०७६ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत रु.२०,००,०००।-(अक्षरेपि बीस लाख) स्वीकृत भई उक्त योजनाको लागि लक्ष्मीपुर पतारी गाउँपालिकाबाट लागत अनुमान रु.२०,४३,९२१।०२ (स्थानीय निकायबाट रु.१९,४१,७२४।९७ र उपभोक्ता समितिबाट रु.१,०२,१९६।०५) हुने गरी मिति २०७६/०२/१३ गते धन्छवारको पश्चिम कटनियाँ नयाँ नदीमा पुल निर्माण उपभोक्ता समितिलाई कार्यादेश दिइएको र आ.व. २०७६/०७७ मा लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ३ स्थित विधानगर, पतारी, धन्छवार, सितापुर सडक खण्डमा दुई थान कलभर्ट निर्माण तथा माटो ग्राभेल योजनाको लागि लक्ष्मीपुर पतारी गाउँपालिकाबाट लागत अनुमान रु.५१,०९,०९७।६९ (स्थानीय निकायबाट रु.५०,००,०००।- र उपभोक्ता समितिबाट रु.१,०९,०९७।६९) हुने गरी मिति २०७६/१२/०७ गते उपभोक्ता समितिलाई कार्यादेश दिइएको पाइन्छ । यसरी आ.व २०७५/०७६ मा जिल्ला सिरहा लक्ष्मीपुर पतारी गा.पा वडा नं. ४ धन्छवारको पश्चिम (कटनियाँ नयाँ नदी) पुलको लागि रु.२०,४३,९२१।०२ को कार्यक्रम स्वीकृत भएको भएतापनि उक्त आ.व. मा रु.३१,६०७।१७ को श्रमदान सहित रु.६,३२,१४३।४५ को अन्तिम विल सिफारिस भई कन्टिन्जेन्सी, धरौटी र कर कट्टी गरी जम्मा रु.५,२८,४४०।— उपभोक्ता समितिलाई भुक्तानी दिइएको देखिन्छ भने आ.व. ०७६/०७७ मा अघिल्लो आ.व. ०७५/०७६ को योजनामा साविक पुल कल्भर्ट कै संरचनालाई परिवर्तन गरी पुल बनाउने योजना वनाई वडा नं. ३ मा अर्कै उपभोक्ता समिति गठन गरी पुल निर्माण गरेको र दोस्रो वर्षको योजनावाट समेत पुल निर्माण कार्य अधुरै रहेको अवस्थामा प्राविधिक मूल्याङ्कन गराई रु.२६,४६,०२७।— रकम भुक्तानी दिए लिएको देखिन्छ । उक्त योजनामा काम सम्पन्न नै नभई गलत प्राविधिक मूल्याङ्कन गर्ने लक्ष्मीपुर पतारी गाउँपालिकाका इन्जिनियर प्रतिवादी अमन पोखरेलले दिएको प्रतिवेदनका आधारमा रकम भुक्तानी दिई भ्रष्टाचारजन्य कार्य भएको पुष्टि हुँदहुँदै निज प्रतिवादीहरुलाई अभियोग दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । • आयोगको प्राविधिक परीक्षण तथा मूल्याङ्कन महाशाखाका सि.डि.इ. सुशील श्रेष्ठले मिति २०७९।१२।२० गते पेश गरेको राय प्रतिवेदनमा पुल तथा कलभर्ट जस्ता River Crossing Structure को लागि डिजाइन कार्यमा संवेदनशील हुनुपर्नेमा कलभर्ट/पुलको Span र Width समेत एकीन नगरी बिना डिजाइन हचुवामा ड्रइङ्ग र लागत अनुमान तयार गरेको, डिजाइन नगरिएको अवस्थामा बिभिन्न सरकारी निकाय

	देवी दास र सत्य नारायण साह		**हकमाः** प्रतिवादीहरु रबिन्द्र कुमार महत, ईन्द्र कुमार कर्ण, विद्यानन्द साह सुडी र रामनारायण मण्डललाई बिगो रु.५,२८,४४०।—(अक्षरेपि पाँच लाख अठ्ठाइस हजार चार सय चालीस मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन मागदावी लिइएको छ। साथै प्रतिवादी रबिन्द्र कुमार महतले गाउँपालिका स्तरीय योजना अनुगमन समितिमा आमन्त्रितसदस्य रही वडा स्तरीय अनुगमन समितिले न्यून गुणस्तरीय भनी प्रतिवेदन दिएकोलाई अन्देखा गरी भुक्तानीलाई सिफारिस गरी निज आफै गाउँपालिका स्तरीय जाँचपास तथा फरफारक समितिको समेत सदस्य रही उक्त समितिबाट पनि भुक्तानीको लागि सिफारिस गरी गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदनको आधारमा भुक्तानी सदर तथा भुक्तानीको लागि पेश गरी सोही प्रतिवेदनको आधारमा भुक्तानी समेत गरेको देखिदा निज प्रतिवादी रबिन्द्र कुमार महतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी रबिन्द्र कुमार महतलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। (घ) **उपभोक्ता समितिका अध्यक्ष विष्नुदेव यादव, कोषाध्यक्ष जलास कुमारी दनुवार, सचिव महादेव यादव, माँ ॐ शान्ति इन्जिनियरङ्ग कन्सलटेन्सीका प्रोपराइटर इन्जिनियर ईन्द्र नारायण साहको हकमाः**उपभोक्ता समितिका पदाधिकारीहरुको संयुक्त खातामा रु.५,२८,४४०।—(अक्षरेपि पाँच लाख अठ्ठाइस हजार चार सय चालीस) भुक्तानी समेत लिएको देखिँदा निज प्रतिवादीहरू विष्नुदेव यादव, जलास कुमारी दनुवार, महादेव यादव र ईन्द्र नारायण साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को		स्थानीय पूर्वाधार विभाग, सडक विभाग लगायतले स्पान अनुसार तयार गरेको Typical Design प्रयोग गर्न सक्नेमा सो समेत उपयोग नगरेको, कलभर्ट/पुलको निर्माण पूर्व Abutment Walls, Wing Walls, Bed Concrete Foundation, Slab, Launching Apron Dimensions, Strength, Rebar arrangement, Location, Height, Span Fixing को लागि सर्भे तथा डिजाइन कार्य महत्वपूर्ण, खोलाको Hydrological, Geological, Topographical Data लिएको नदेखिएको, ड्रइङ्गमा खोलाको Bed level, Water levels, Ground Levels खुलेको नदेखिएकोले सो कलभर्टको Foundation के कति गहिराइमा बनाउने र कुन Level/Elevation सम्म निर्माण गर्ने हो भन्ने समेत अन्यौल रहेको, नयाँ र पुरानो संरचना नजोडिँदा Crack आउने, Displacement Ratio फरक भई संरचना भत्किने तर्फ ध्यान नदिई आ.व. २०७५/०७६ मा निर्माण भई सकेको Bed Level सम्मको संरचनामा थप गरी Span २९' बाट ३९' र चौडाई १६' बाट २२' बनाउने गरी आ.व. २०७६/०७७ मा लागत अनुमान तयार गरिएको कारण पुरानो र नयाँ संरचना छुट्टिएर उल्लिखित कलभर्टको Bed Level मा पुरै चर्किएको देखिएको, Center Wall जग नै निर्माण नगरी बनाएकोले Bed Level को Concrete Base ले उक्त Wall को भार वहन गर्न सक्ने/नसक्ने मात्र नभई अन्य कुनै पनि Structural Parts (Wing wall, Abutment Wall, Foundation, Concrete Bed, Slab etc.) को Structural Analysis भएको नदेखिएको, विना जग माथि निर्माण गरिएको उक्त RR Stone Masonry Wall को Load को कारण समेत Bed Level को Structure भासिएको र उक्त निर्मित संरचना जगबाट नै चर्की भत्किएको अवस्थामा रहेको, Foundation Scour भैसकेको, निर्माण कार्यको गुणस्तर कमजोर रहेको कारण सो संरचनामा थप निर्माण गर्न नसकिने भएकोले उक्त कलभर्ट निर्माणको लागि आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ मा भएको सम्पूर्ण खर्च सरकारी हानिनोक्सानी भएको तथ्य उक्त प्राविधिक प्रतिवेदनबाट पुष्टि भई अदालतमा प्रतिवेदकहरुले गरेको बकपत्रबाट पुषटि भएको Testimonial Evidence लाई ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। • आ.व. २०७५/०७६ मा लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ४ स्थित धन्छवारको पश्चिम कटनिया नयाँ नदीमा पुल निर्माणमा स्वीकृत लागत अनुमान बमोजिम कार्य नभएको, गुणस्तरीयता न्यून रहेको भनी वडा स्तरीय योजना अनुगमन समिति प्रतिवेदन दिएको देखिँदा समेत मिति २०७६/०३/२५ गते विस्नुदेव यादव अध्यक्ष रहेको उपभोक्ता समितिलाई रु.५,२८,४४०।-(अक्षरेपि पाँच लाख अठ्ठाइस हजार चार सय चालिस रुपैया मात्र) भुक्तानी दिएको र आ.व. २०७६/०७७ मा लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष हनुमान मण्डल, ऐ. पालिकाको योजना शाखा प्रमुख चन्द्रेश्वर प्रसाद यादव समेतले Visually हेर्दा नै संरचना अधुरो र गुणस्तरहीन देखिएतापनि गाउँपालिकाको प्राविधिक कर्मचारी इन्जिनियर अमन पोखरेलले संरचना ठिक भएको भनी गलत प्राविधिक

			उपदफा (४) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरु विष्नुदेव यादव, जलास कुमारी दनुवार, महादेव यादव, ईन्द्र नारायण साहलाई बिगो रु.५,२८,४४०।—(अक्षरेपि पाँच लाख अठ्ठाइस हजार चार सय चालीस मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिइएको छ। **साथै प्रतिवादी ईन्द्र नारायण साहले गलत प्राविधिक प्रतिवेदन तयार** गरी पेश गरेको र उक्त प्रतिवेदनलाई तत्कालीन प्रमुख प्रशासकीय अधिकृतले सदर गरी सोही प्रतिवेदनको आधारमा भुक्तानी भएको देखिदा निज प्रतिवादी ईन्द्र नारायण साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी ईन्द्र नारायन साहलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। (ङ) **तत्कालीन प्रमुख प्रशासकीय अधिकृत धनिक लाल यादव, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुजित कुमार यादव, लेखापाल नरेश कामैत, इन्जिनियर अमन पोखरेल, वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष हनुमान मण्डलको हकमा:**प्रतिवादीहरू धनिक लाल यादव, सुजित कुमार यादव, नरेश कामैत, अमन पोखरेल र हनुमान मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरु धनिक लाल यादव, सुजित कुमार यादव, नरेश कामैत, अमन पोखरेल र हनुमान मण्डललाई बिगो रु.२६,४६,०२७।०० (अक्षरेपि छब्बिस लाख छयालिस हजार सत्ताईस मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो समेत असुलउपर हुन मागदावी लिइएको छ। साथै प्रतिवादीहरु धनिक लाल यादव र अमन पोखरेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसुर		मूल्याङ्कन प्रतिवेदन पेश गरी गाउँपालिकाबाट मिति २०७७/०३/३१ गते रु.२६,४६,०२७।-(छब्बिस लाख छयालिस हजार सत्ताईस रुपैया) उपभोक्ता समितिलाई भुक्तानी दिएको देखिँदा यी प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । • लक्ष्मीपुर पतारी गाउँपालिकाका इन्जिनियर प्रतिवादी अमन पोखरेलले अदालतमा बयान गर्दा *उक्त योजना बन्दा र मूल्याङ्कन गर्दासम्म दुरुस्तै अवस्थामा थियो पछि बाढीको करणले केही क्षति भएको हो, उक्त कल्भर्ट २ वर्षपछिको बाढीले पटक पटक क्षति भई यो अवस्थामा आइपुगेको हो* भनी इन्कारी बयान गरेको भए तापनि निजले अनुसन्धानका क्रममा बयान गर्दा *हाल योजनाको अवस्था दयनीय रहेको र तत्कालीन समयमा डिजाइन परिवर्तनमा आफूले असहमती जनाएको, पुल/कलभर्ट निर्माण सम्बन्धी कार्य उपभोक्ता समितिबाट नगराउन तथा बाढी आउने समय भएकोले योजना संचालन नगराउन भनी पालिकालाई सुझाव दिएको र आफूले इस्टिमेट गर्न समेत नमानेको हो* भन्नेसमेत बेहोरा उल्लेख गरेको देखिन्छ । प्रतिवादी अमन पोखरेलले अनुसन्धानको क्रममा बयान गर्दा नजलाई करकाप जबरजस्ती गरेको नभई निजले स्वतन्त्र इच्छाले आफ्नै हस्ताक्षरले लेखी बयान गरेको देखिँदा उक्त बयान समेतलाई प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्नेमा सोको विश्लेषण नगरी प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । • वादी नेपाल सरकारका साक्षी इन्जिनियर कैलाश कुमार मोक्तान, दिपक पाण्डे, जगतराज ढकाल, विकास कुमार मिश्र, इन्जिनियर सुशील श्रेष्ठ समेतले अनुसन्धानका क्रममा घटनास्थल निरीक्षण गर्दा निर्माणकार्य अस्तव्यस्त भएको भनी व्यक्त गरेको र निज प्रतिवेदकहरु तथा वादी नेपाल सरकारका साक्षीले सम्मानित अदालतमा उपस्थित भई बकपत्र गर्दा समेत *निर्माण गरिएको संरचना स्पष्ट रुपमा चिरा परेको, दबिएको र थप काम नलाग्ने स्थितिमा देखिएको* भनी बेहोरा उल्लेख गरेको अवस्थालाई अनदेखा गरी प्रमाण ऐन, २०३१ को दफा १० र १८ को विपरीत प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसल त्रुटिपूर्ण हुँदा बदरभागी छ । अतः उल्लिखित प्रमाण कागजनहरुको आधारमा प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादीहरु रामबल्लभ साह, आशादेवी यादव, रविन्द्र कुमार महत, धनिकलाल यादव, सुजित कुमार यादव, अमन पोखरेल, हनुमान मण्डल, विद्यान्द साह सुडी, इन्द्र कुमार कर्ण, नरेश कामैत, चन्द्रेश्वर प्रसाद यादव, विष्णु देव साह, रामनरायण मण्डल, इन्द्र नारायण साह, तारा कान्त साह, विष्णुदेव भन्ने विस्नुदेव यादव, उतिम लाल मण्डल धानुक,

			गरेको हुँदा निज प्रतिवादीहरु धनिक लाल यादव र अमन पोखरेललाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। (च) **उपभोक्ता समितिका अध्यक्ष उतिम लाल मण्डल, कोषाध्यक्ष गिता कुमारी मण्डल, सचिव परमेश्वर मण्डल, राजदेवी कन्सलटेन्सी एण्ड इन्जिनियरङ्गका प्रोपराइटर इन्जिनियर तारा कान्त साहको हकमाः** प्रतिवादीहरू उतिम लाल मण्डल, गिता कुमारी मण्डल, परमेश्वर मण्डल र तारा कान्त साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरु उतिम लाल मण्डल, गिता कुमारी मण्डल, परमेश्वर मण्डल र तारा कान्त साहलाई बिगो रु.२६,४६,०२७।०० (अक्षरेपि छब्बिस लाख छयालिस हजार सत्ताईस मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिइएको छ। साथै प्रतिवादी तारा कान्त साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी तारा कान्त साहलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिबाना समेतको सजाय हुन मागदावी लिइएको छ। (छ) **योजना शाखा प्रमुख चन्द्रेश्वर प्रसाद यादवको हकमाः**प्रतिवादी चन्द्रेश्वर प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ख) र (ग) तथा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी चन्द्रेश्वर प्रसाद यादवलाई बिगो रु.३१,७४,४६७।०० (अक्षरेपि एकतीस लाख चौहत्तर हजार चार सय सड्सठ्ठी मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन		जलास कुमारी दनुवार, गिता कुमारी मण्डल, महादेव यादव, परमेश्वर मण्डल, अमृता देवी दास र सत्य नारायण साहलाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ ।

			र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। (ज) **विष्णु देव साह, अमृता देवी दास, सत्यनारायण साहको हकमाः**प्रतिवादीहरु विष्णु देव साह, अमृता देवी दास र सत्यनारायण साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरु विष्णु देव साह, अमृता देवी दास र सत्यनारायण साहलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिबाना हुन मागदावी लिइएको छ । **अदालतको फैसला** विशेष अदालतबाट प्रतिवादीहरुले आरोप दावीबाट सफाई पाउने ठहर गरी फैसला भएको ।		